# भाग ३

## गण्डकी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### बहस पैरवी तथा प्रतिरक्षा निर्देशिका, २०७९

**प्रस्तावना:** प्रदेश सरकार पक्ष वा विपक्ष भई दायर हुने रिट निवेदन तथा मुद्दाहरूमा प्रदेश सरकारको तर्फबाट गरिने बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी कार्यलाई सरल, सहज र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बहस पैरवी तथा प्रतिरक्षा निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ख) "कानून" भन्नाले तत्काल प्रचलित नेपाल कानून सम्झनु पर्छ।

(ग) "न्यायाधिवक्ता" भन्नाले उपन्यायाधिवक्ता सम्झनु पर्छ सो शब्दले मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत न्याय सेवा, सरकारी वकील समुहका सहायक न्यायाधिवक्ता समेतलाई जनाउँछ।

(घ) "बहस पैरवी" भन्नाले मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई माग दावी वा जिकिर पुष्टी गर्न न्यायाधिवक्ता वा तोकिएको कानून व्यवसायीबाट गरिने बहस पैरवी तथा प्रतिरक्षा

समेतलाई सम्झनु पर्छ। सो शब्दले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेस गरिएको वहसनोट समेतलाई जनाउँछ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## बहस पैरवी व्यवस्थापन

३. **बहस पैरवी व्यवस्थापनः** (१) बहस पैरवी गर्दा व्यवसायिक आचरणको परिधि भित्र रही प्रदेश सरकारको हक हित हुने गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गर्दा देहायमा उल्लेखित नियमहरूको पालना गर्नु पर्नेछः-

(क) अदालत समक्ष समयमै उपस्थित हुने,

(ख) इजलासको मर्यादा र विपक्षी कानून व्यवसायीको सम्मान गर्ने,

(ग) न्यायका सामान्य सिद्धान्तहरूको पालना र प्रयोग गर्ने,

(घ) मुद्दामा ठहर गर्नुपर्ने विषय, तथ्य र सोसँग सम्बद्ध प्रमाण केन्द्रित रहने,

(ङ) मुद्दाको तथ्यसँग मेल खाने नजीर प्रस्तुत गर्ने,

(च) मुद्दाको तथ्यलाई सिलसिलेबार रूपमा नम्र, शिष्ट र मर्यादित शैलीमा प्रस्तुत गर्ने,

(छ) विपक्षीको तर्क वा जिकिरलाई प्रमाणको विश्लेषणको आधारमा खण्डन गर्ने,

(ज) बन्द ईजलासमा सुनुवाई हुने मुद्दामा गोपनीयता कायम गर्ने,

(झ) कुनै मुद्दामा एक भन्दा बढी न्यायाधिवक्ता वा तोकिएको कानून व्यवसायी उपस्थित भएको अवस्थामा अग्रज न्यायाधिवक्ता वा तोकिएको कानून व्यवसायीको निर्देशनलाई ध्यान दिई इजलासले

छलफलको बुँदा निर्धारण गरेको भए सोको पालना गर्ने।

(ञ) बहस पैरवी गर्दा अदालतले निर्धारण गरे बमोजिम आफ्नो पालोमा बहस पैरवी गर्ने,

(ट) बहस गर्नका लागि समय व्यवस्थापन गर्ने र इजलासको निर्देशन समेतलाई ध्यान दिने,

४. **पूर्व तयारी तथा मिसिल व्यस्थापनः** बहस पैरवी गर्नु पूर्व देहायका कुराहरू विचार गर्नु पर्नेछः-

(क) सम्बन्धित मिसिल अध्ययन गरी सम्बद्ध तथ्य, कानून, सिद्धान्त र प्रतिपादित नजीरको संकलन गर्ने,

(ख) मिसिल कागजात व्यवस्थित गरी तथ्य र सम्बद्ध नजीरको टिपोट गर्ने,

(ग) बहस पैरवी प्रस्तुतिको योजना बनाउने तथा बहसको क्रममा उठ्न सक्ने सम्भावित प्रश्नहरू आकलन गरि टिपोट गर्ने,

५. **बहस नोटः** अदालत वा मुद्दा हेर्ने अधिकारीको आदेश वा सम्बद्ध नियमावलीमा तोकिएको प्रकृया बमोजिम बहस नोट पेस गर्नु पर्दा वादी, प्रतिवादी/पुनरावेदक, प्रत्यर्थी/निवेदक विपक्षीको संक्षिप्त व्यहोरा, ठहर गर्नु पर्ने विवादित प्रश्न, ठहर हुनु पर्ने आधार र सोलाई समर्थन गर्ने तथ्य, कानून तथा नजीर समेतलाई सिलसिलाबद्ध रूपमा खुलाई पेस गर्नु पर्नेछ।

## परिच्छेद-३
## बहस पैरवी सम्बन्धी अन्य व्यवस्था

६. **प्रत्यर्थी झिकाउने आदेशका लागि गरिने बहस पैरवीः** प्रदेश सरकारको तर्फबाट पुनरावेदन पत्र दर्ता भई सुनुवाईको लागि इजलास समक्ष पेस भएको मुद्दामा प्रत्यर्थी झिकाउने आदेशको लागि बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

(क) बहसको प्रारम्भमा पुनरावेदक वादी, प्रत्यर्थी बनाईएका प्रतिवादी, मुद्दाको नाम, अभियोग माग दावी, कुन अदालतले के फैसला गरेको हो र सो

फैसला उपर कुन हदसम्म चित्त नबुझी पुनरावेदन गरेको संक्षिप्त रूपमा इजलास समक्ष पेस गर्ने,

(ख) फैसला गर्ने अदालतले लिएको निर्णयाधारहरू बुँदागत रूपमा उल्लेख गरी उक्त फैसला के आधारमा त्रुटिपूर्ण छ, तथ्य प्रमाण र सम्बद्ध नजीर उल्लेख गरी त्यस्तो फैसलाको ठहर फरक पर्न सक्ने आधार कारण खुलाई प्रत्यर्थी झिकाउन जिकिर लिने,

७. **<u>विपक्षीको पुनरावेदन बहस पैरवी</u>:** विपक्षीको पुनरावेदन उपर बहस पैरवी गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) पुनरावेदनमा जिकिर लिइएका कुराहरू र विपक्षीको तर्फबाट बहसमा जिकिर लिइएका कुराहरू बुँदागत रूपमा उल्लेख गरी त्यस्तो जिकिर खण्डन हुने सम्बद्ध तथ्य, कानून, प्रमाण र प्रतिपादित सिद्धान्त क्रमबद्ध रूपमा प्रस्तुत गर्ने,

(ख) प्रत्यर्थी झिकाउने आदेशमा लिईएका आधारहरू खण्डन गर्ने,

(ग) फैसला गर्दा लिईएका आधार र कारण समेत उल्लेख गरी बहस पैरवी गर्ने।

८. **<u>अनुमतिका लागि पेस गर्ने निवेदन उपर बहस पैरवी</u>:** अनुमतिका लागि दर्ता भएको निवेदन उपरको सुनुवाईमा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) संविधान एवम् कानूनको प्रयोग, ब्याख्या तथा प्रमाण मूल्याङ्कनमा गम्भीर त्रुटि हुन गएको छ भन्ने कुरा अदालतलाई विश्वास दिलाउन स्थापित तथ्य, प्रमाण, कानून र नजीर स्पष्ट रूपमा खुलाउने,

(ख) समान तथ्य भएको सो मुद्दामा फैसला गर्दा सर्वोच्च अदालतबाट प्रतिपादित नजीरको पालना नभएको वा त्यस्तो नजीरलाई गलत किसिमले व्याख्या भएको अवस्थामा सो सम्बन्धी सान्दर्भिक नजीर प्रस्तुत गर्ने,

(ग) मातहत अदालतले फैसला गर्दा मिसिल संकलित सबुत प्रमाणको गलत किसिमले मूल्याङ्कन गरेको कारण सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुग्न गएको भन्ने तथ्य स्थापित गराउने,

(घ) नाबालक, महिला, अपाङ्गता भएका व्यक्ति मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक फरक पर्न गएको भए आधार र कारण सहित सो कुराको समेत जिकिर लिने,

(ङ) मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान भएको वा पुनरावलोकनको लागि निस्सा भएकोमा सोही बमोजिम बहस पैरवी गर्ने,

## परिच्छेद-४

## विविध

९. **अधिकार क्षेत्र, हदम्यादको विवाद सम्बन्धी बहस पैरवीः** मुद्दा सुनुवाई गर्ने अधिकार क्षेत्र र मुद्दा दर्ता गर्ने हदम्यादका सम्बन्धमा उठेका प्रश्नमा निर्णय गर्न पेस भएको मुद्दामा बहस पैरवी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अदालतको क्षेत्राधिकार भित्र नपर्ने वा हदम्याद भित्र दर्ता नभएको भनी विपक्षीले जिकिर लिएकोमा सो सम्बन्धमा निर्णय लिन सहयोग पुग्ने गरी कानूनी बुँदा र सर्वोच्च अदालतबाट प्रतिपादित नजीर एवम् सिद्धान्तमा केन्द्रित रहेर बहस पैरवी गर्ने,

(ख) मुद्दामा क्षेत्राधिकार सम्बन्धी प्रश्न निहित रही छलफल गर्दा अदालत वा अन्य मुद्दा हेर्ने अधिकारीको क्षेत्राधिकार भित्र पर्ने देखिएमा क्षेत्राधिकार रहेको निकायमा पठाउने आदेश गर्न जिकिर लिने।

१०. **<u>निर्देशिकाको पालनाः</u>** यस निर्देशिकामा उल्लेखित व्यवस्था मुख्य न्यायाधिवक्ताको कार्यालय र बहस पैरवीका लागि नियुक्त गरिएका कानून व्यावसायीले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ। यस निर्देशिकाको पालना नगर्ने पदाधिकारी तथा कानून व्यवसायीले आचार संहिता उल्लङ्घन गरेको मानिनेछ।

११. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस निर्देशिकामा उल्लेख नभएका कुनै कुरा तथा उल्लेख भएका कुनै कुरा प्रचलित कुनै नेपाल कानूनसँग बाझिएमा वा प्रचलित नेपाल कानूनको व्यवस्था र निर्देशिकाको व्यवस्था मध्ये कुन व्यवस्था पालना गर्ने भन्ने द्विविधा उत्पन्न भएमा प्रचलित नेपाल कानून बमोजिम गर्नु पर्नेछ।

१२. **<u>वेभसाईटमा राख्नेः</u>** यस निर्देशिकालाई मुख्य न्यायाधिवक्ताको कार्यालयको वेभसाईटमा राखिनेछ।

आज्ञाले,
रामप्रसाद आचार्य
प्रदेश सरकारको सचिव